# नेपाल मेडिकल काउन्सिल

(नेपाल मेडिकल काउन्सिल ऐन २०20 अन्तर्गत स्थापित)

# Nepal Medical Council

(Under Nepal Medical Council Act 1964)

BANSBARI, KATHMANDU, NEPAL

कार्यालयः
बाँसबारी काठमाडौं, नेपाल
पो.ब.नं.: १३८९०

Post Box No.: 13890
Tel: 0977-01-4377164/4371954
Fax: 0977-01-4372318
E-mail: nmc@nmc.org.np
website: www.nmc.org.np


## इन्जिनियरिङ्ग अध्ययन संस्थान, सुचना तथा संचार प्रविधि केन्द्रमा मिति २०७९ असोज ६ देखि ८ गते सञ्चालन हुने नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र परीक्षा सम्वन्धि सूचना !

**परीक्षा केन्द्रः**

इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक इन्जिनियरिङ्ग क्याम्पस, सुचना तथा संचार प्रविधि केन्द्र, पुल्चोक, ललितपुर ।

**परीक्षा मिति र समय तालिकाः**

पहिलो सिफ्ट २०७९ साल असोज ६ गते बिहीबार विहान ०९:०० बजे देखि १२:०० बजे सम्म रोल नम्बर २२०९२०००१ देखि २२०९२०३४० सम्म (एम. बि. बि. एस)

दोश्रो सिफ्ट २०७९ साल असोज ६ गते बिहीबार दिउसो ०३:०० बजे देखि ०६:०० बजे सम्म रोल नम्बर २२०९२०३४१ देखि २२०९२०६८० सम्म (एम. बि. बि. एस)

पहिलो सिफ्ट २०७९ साल असोज ७ गते शुक्रबार विहान ०९:०० बजे देखि १२:०० बजे सम्म रोल नम्बर २२०९२०६८१ देखि २२०९२१०२० सम्म (एम. बि. बि. एस.)

दोश्रो सिफ्ट २०७९ साल असोज ७ गते शुक्रबार दिउसो ०३:०० बजे देखि ०६:०० बजे सम्म रोल नम्बर २२०९२१०२१ देखि २२०९२१३६० सम्म (एम. बि. बि. एस.)

पहिलो सिफ्ट २०७९ साल असोज ८ गते शनिबार विहान ०९:०० बजे देखि १२:०० बजे सम्म रोल नम्बर २२०९२१३६१ देखि २२०९२१७०५ सम्म (एम. बि. बि. एस.)

दोश्रो सिफ्ट २०७९ साल असोज ८ गते शनिबार दिउसो ०३:०० बजे देखि ०६:०० बजे सम्म रोल नम्बर २२०९१०००१ देखि २२०९१०३५५ सम्म (बि. डि. एस.)

# नेपाल मेडिकल काउन्सिल

(नेपाल मेडिकल काउन्सिल ऐन २०२० अन्तर्गत स्थापित)

# Nepal Medical Council

(Under Nepal Medical Council Act 1964)

BANSBARI, KATHMANDU, NEPAL

कार्यालय:
बाँसबारी काठमाडौं, नेपाल
पो.ब.नं.: १३८९०

Post Box No.: 13890
Tel: 0977-01-4377164/4371954
Fax: 0977-01-4372318
E-mail: nmc@nmc.org.np
website: www.nmc.org.np


## कम्प्युटरमा आधारित परीक्षा सम्बन्धि नियमहरु (स्नातक तह):

- नेपाल मेडिकल काउन्सिलले कम्प्युटरमा आधारित दर्ता प्रमाणपत्र परीक्षा सञ्चालन गर्नेछ ।
- **अनलाईन फारम भर्दा राखेको फोटोको सक्कलै फोटो टाँसी तोकेको स्थानमा दस्तखत (दुबै फोटोमा पर्ने गरी समेत) र प्रष्ट रेखादेखिने औंठाछाप लगाई प्रवेशपत्र तयार पार्नु पर्दछ । फोटो नटाँसेको, औंठाछाप नलगाएको र तोकेको स्थानमा दस्तखत नगरेको प्रवेशपत्र मान्य हुनेछैन ।**
- परीक्षा दिन आउँदा प्रवेशपत्रका साथ आफ्नो परिचय खुल्ने कुनै एक परिचयपत्र जस्तै नागरिकता वा पासपोर्ट वा सवारी चालक प्रमाणपत्र (म्याद ननागेको) वा सरकारी निकायबाट जारीगरिएको **सक्कलै** परिचयपत्र ल्याउनु पर्नेछ ।
- परीक्षा सुरुहुनु अगाडी परीक्षार्थीको प्रवेशपत्र, फोटो, दस्तखत, औंठाछाप, आदि जाँच हुनेभएकाले परीक्षा हुनेसमय भन्दा **२ घण्टा** अगावै परीक्षा केन्द्रमा प्रवेश गर्नु बान्छनीय छ । परीक्षा सुरुभएको पन्ध्र मिनेट पछि परीक्षा हलमा प्रवेश दिइने छैन । परीक्षा दिन नपाएका वा परीक्षा छुटेका परिक्षार्थीको परीक्षा शुल्क फिर्ता हुनेछैन ।
- प्रवेशपत्र रुजु र सुरक्षा जाँच भएपछि परीक्षार्थीले आफुलाई परीक्षा दिन तोकिएको स्थानमा गई बस्नुपर्नेछ ।
- परीक्षाको समय ३ घण्टा, पूर्णाङ्क १८० र उत्तिर्णाङ्क ९० हुनेछ ।
- जम्मा सोधिने १८० वटा प्रश्नहरु मध्ये एक-एक अङ्क भारका १३० र पाँच-पाँच अङ्क भारका १० (जम्मा ५०) प्रश्नहरु हुनेछन् ।
- तोकिएको स्थानमा बसी प्रयोगकर्ताको नाम र दिईएको पासवर्ड कम्प्युटरमा प्रविष्ट गरेपछि निर्देशिका सहित प्रश्नपत्रहरु देखिनेछन् ।
- कम्प्युटर मानिटरमा परीक्षार्थीको फोटो, रोल नं., परीक्षाको समय, उत्तर दिएको संख्या, उत्तर दिन बाँकि संख्या निरन्तर देखिने छ ।
- हरेक प्रश्नका चार उत्तरहरु हुनेछन् । त्यसमध्ये सबैभन्दा उपयुक्त एक उत्तरमा चिन्हलगाउनु पर्नेछ । कुनै एक उत्तरमा चिन्हलगाएको संका लागेमा उत्तर परिवर्तन गर्न पाईने छ । नमिलेको उत्तरको नकारात्मक अंक हुनेछैन ।
- आफ्नो परीक्षा सकिएपछि प्रश्नपत्र र उत्तर प्रविष्ट (सबमिट) गर्न सकिने छ । यदि कुनै प्रश्नको उत्तरदिन छुट भएको रहेछ भने सो कुराको जानकारी मनिटरमा देखिने छ । यस्ता छुटेका प्रश्नको उत्तर पुनःदिन सकिने छ । आँफुलाई चित्तबुझेपछि अन्ततः उत्तर प्रविष्ट (सबमिट) गर्न सकिने छ ।
- कुनै कारणबस कम्प्युटर बन्द भएका वा त्यसले काम नगरेमा अर्को कम्प्युटरको व्यवस्था गरिनेछ ।
- प्राविधिक कारणले ह्रास हुनगएको समय थप गरिनेछ ।

# नेपाल मेडिकल काउन्सिल

(नेपाल मेडिकल काउन्सिल ऐन २०२० अन्तर्गत स्थापित)

# Nepal Medical Council

(Under Nepal Medical Council Act 1964)

BANSBARI, KATHMANDU, NEPAL

कार्यालय:
बाँसबारी काठमाडौं, नेपाल
पो.ब.नं.: १३८९०

Post Box No.: 13890
Tel: 0977-01-4377164/4371954
Fax: 0977-01-4372318
E-mail: nmc@nmc.org.np
website: www.nmc.org.np


- परीक्षाको नतिजा तोकिएको विषय र तहको सबै परीक्षाहरु सकिएपछि हुनेछ । परीक्षाको नतिजामा चित्त नबुझेमा पुनःयोगका लागि तीस दिन भित्र आवेदन गर्न सकिने छ । सो को नतिजा आवेदन दिने अन्तिम मितिको सात दिन भित्र दिईने छ ।
- परीक्षा सुरुभएको एकघण्टा अगाडि परीक्षा हल र परीक्षा केन्द्र परिसर छाड्न पाईने छैन ।
- परीक्षा हलमा मोवाइल फोन, क्याल्कुलेटर, घडी (कुनैपनि प्रकारको लगायत सबै इलेक्ट्रोनिक सामानहरु तथा गरगहना ल्याउन र लगाउन प्रतिवन्ध छ । आफ्नो सामानको जिम्मा आफैं लिनु पर्नेछ ।
- परीक्षा हलमा चिट चोर्न, कुराकानी गर्न, यताउति हेर्न, ईशारा गर्न, साउति गर्न लगायतका अवान्छित र अमर्यादित कुरागर्न मनाहि छ ।
- माथि उल्लेखित निर्देशन विपरित कार्यगर्ने परीक्षार्थीलाई तोकिएबमोजिमको कानुनी कारवाही गरिनेछ ।
- परीक्षा सम्बन्धि सर्वमान्य नियम तथा मर्यादा पालना गर्नु सबै परीक्षार्थीको कर्तव्य हुनेछ ।
- **परीक्षामा सहभागि हुने परीक्षार्थीहरुले औपचारी पोसाक लगाएको हुनुपर्ने छ । यसको पालना नगर्नेलाई परीक्षामा सामेल गराइने छैन ।**

नेपाल मेडिकल काउन्सिल • Nepal Medical Council •

नेपाल मेडिकल काउन्सिल
(नेपाल मेडिकल काउन्सिल ऐन २०२० अन्तर्गत स्थापित)
Nepal Medical Council
(Under Nepal Medical Council Act 1964)
BANSBARI, KATHMANDU, NEPAL
कार्यालय:
बाँसबारी काठमाडौं, नेपाल
पो.ब.नं.: १३८९०
Post Box No.: 13890
Tel: 0977-01-4377164/4371954
Fax: 0977-01-4372318
E-mail: nmc@nmc.org.np
website: www.nmc.org.np

## परीक्षार्थीहरुले परीक्षा हलमा आउँदा पालना गर्नुपर्ने नियमहरू:

१. परीक्षा हलमा उपस्थित हुनुपूर्व मुख्य ढोकामा शरीरको तापक्रम लिएपश्चात प्रवेश दिईने हुँदा भौतिक दुरी कायम गरी तापक्रम मापनका लागि लाईनमा बस्नु पर्नेछ ।

२. परीक्षामा सामेलहुने परीक्षार्थी स्वयंले समेत मास्क, ग्लोभ्स र स्यानिटाईजरको ब्यबस्था गर्न सक्नेछन् ।

३. परीक्षा शुरु हुनु अगाडि र परीक्षा समाप्त भएपछि परीक्षार्थीहरु परीक्षा परिसरमा समुहमा बस्न पाइने छैन । जथाभावी थुक्न र फोहोर गर्न मनाही छ ।

४. कुनै परीक्षार्थीलाई ज्वरो, रुघाखोकि र कोभिडसँग सम्बन्धित अन्य लक्षण भएमा परीक्षा केन्द्रमा जानकारी गराउनु पर्नेछ ।

५. परीक्षार्थीहरुले यसबाहेक नेपाल सरकारले तोकेका कोभिड सम्बन्धि सम्पूर्ण सुरक्षा सावधानी पालना गर्नु पर्नेछ ।

## परीक्षार्थीहरुका लागि परीक्षा केन्द्रमा हुने व्यवस्था:

१. परीक्षा हल परीक्षा शुरु हुनुभन्दा कम्तिमा एक घण्टा अघि देखि खुल्ला रहनेछ ।

२. परीक्षा केन्द्रको मुख्य प्रवेशद्वार तथा परीक्षा हलमा मास्क र स्यानिटाईजरको ब्यबस्था हुनेछ ।

३. परीक्षा केन्द्रमा प्रवेश गर्नुपूर्व सबै परीक्षार्थीहरूको तापक्रम मापन गरिनेछ । १००.४ डिग्री फरेनहाईट वा सो भन्दा बढी तापक्रम भएका परीक्षाथीहरुलाई परीक्षामा बस्न दिईने छैन ।

४. एक बेन्चमा एक मात्र परीक्षाथीहरुलाई राखि परीक्षा संचालन गरिनेछ ।

५. परीक्षा संचालन गर्ने केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, पर्यवेक्षक, निरीक्षक लगायत सम्पुर्ण कर्मचारीहरुले परीक्षा अवधिभर मास्क लगाउनु पर्नेछ ।

६. परीक्षा केन्द्रको शौचालयमा सावुन र पानीको ब्यबस्था हुनेछ ।

७. यसबाहेक नेपाल सरकारले तोकेका स्वास्थ्य सम्बन्धि सम्पूर्ण सुरक्षा सावधानी अपनाईने छ ।

..................
रजिस्ट्रार
२०७९ असोज ४

नेपाल मेडिकल काउन्सिल Nepal Medical Council